# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, चैत्र ११ गते २०३० साल [अतिरिक्ताङ्क ७४

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३० सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## केही नेपाल कानूनहरूमा संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– पारिश्रमिक र सुविधासम्बन्धी केही नेपाल कानूनहरूमा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "केही नेपाल कानून (संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन २०३० साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ (यसपछि मूल ऐन भनिएको) मा संशोधन:– (१) मूल ऐनको दफा ३ को उप-दफा (१) मा रहेको "रु.१,८००।– एक हजार आठसय" भन्ने अंक र शब्दको सट्टा "रु. २,४१५।– दुइ हजार चारसय पन्ध्र" भन्ने अंक र शब्द तथा "रु. १,२००।– एक हजार दुईसय" भन्ने अंक र शब्दको सट्टा "रु. १,६१०।– एक हजार छसय दश" भन्ने अंक र शब्द राखिएको छ ।

(२) मूल ऐनको दफा ४ मा "प्रतिमास रु. ६५०।– छसय पचास" भन्ने शब्दहरू प्रयोग भएको ठाउँहरूमा सो शब्दहरूको सट्टा "प्रतिमास रु. ७८०।– सातसय असी" भन्ने अंक र शब्द राखिएको छ ।

(३) मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ:–

१०. सवारी सुविधा:– (१) राष्ट्रिय पञ्चायतका समितिहरूका सभापतिहरूलाई सम्बन्धित समितिको बैठकमा भाग लिनको लागि सो बैठक प्रारम्भ हुनुभन्दा तीन दिन अघिदेखि बैठक समाप्त भएको तीन दिन पछिसम्मलाई ड्राइवर सहितको मोटर सुविधा उपलब्ध गराइनेछ ।

(२) निर्देशक समितिका प्रत्येक सदस्यलाई निर्देशक समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको सवारी सुविधा बापत रु. १५।– पन्ध्र भत्ता दिइनेछ ।

तर, त्यस्ता सदस्यले सवारी सुविधा वा सो बापत कुनै भत्ता पाइरहेको भए यस उप-दफा बमोजिमको भत्ता पाउने छैन ।

३. महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ (यसपछि मूल ऐन भनिएको) मा संशोधन:– (१) मूल ऐनको दफा २ मा रहेको "रु. १,७००।– सत्रसय" भन्ने अंक र शब्दको सट्टा "रु. १,९५५।– एक हजार नौसय पचपन्न" भन्ने अंक र शब्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल ऐनको दफा २ पछि देहायबमोजिमको दफा २ क. थपिएको छः–

२ क. सञ्चय कोषः– श्री ५ को सरकारले महालेखा परीक्षकको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टी रकममा शत प्रतिशत थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

४. सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि मूल ऐन भनिएको) मा संशोधनः– (१) मूल ऐनको दफा ३ को उप-दफा (१) मा रहेको "रू.२,०००।– दुई हजार" भन्ने अंक र शब्दको सट्टा "रू. २,३००।–दुई हजार तीनसय" भन्ने अंक र शब्द तथा "रू. १,७००।– सत्रसय" भन्ने अंक र शब्दको सट्टा रू. १,९५५।– एक हजार नौसय पचपन्न" भन्ने अंक र शब्द राखिएको छ ।

(२) मूल ऐनको दफा ३ पछि देहायबमोजिमको दफा ३क. थपिएको छः–

३ क. सञ्चय कोषः– श्री ५ को सरकारले प्रधान न्यायाधीश र न्यायाधीशको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टी रकममा शत प्रतिशत थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

५. लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि मूल ऐन भनिएको) मा संशोधनः– (१) मूल ऐनको दफा ३ को उप-दफा (१) मा रहेको "रू. १७००।– सत्रसय" भन्ने अंक र शब्दको सट्टा "रू. १,९५५।– एक हजार नौसय पचपन्न" भन्ने अंक र शब्द तथा "रू. १५००।– पन्ध्रसय" भन्ने अंक र शब्दको सट्टा "रू. १७२५।– एक हजार सातसय पच्चीस" भन्ने अंक र शब्द राखिएको छ ।

(२) मूल ऐनको दफा ३ पछि देहायबमोजिमको दफा ३ क. थपिएको छः–

३क. सञ्चय कोषः– श्री ५ को सरकारले अध्यक्ष र सदस्यको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टी रकममा शत प्रतिशत थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

६. प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६ (यसपछि मूल ऐन भनिएको) मा संशोधनः– (१) मूल ऐनको दफा ७ मा रहेको "रू. २०००।– दुई हजार" भन्ने अंक र शब्दको सट्टा "रू. २,३००।– दुई हजार तीनसय" भन्ने अंक र शब्द राखिएको छ ।

(२) मूल ऐनको दफा ७ पछि देहायबमोजिमको दफा ७. क. थपिएको छः–

७क. सञ्चय कोषः– श्री ५ को सरकारले प्रधान सेनापतिको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टी रकममा शत प्रतिशत थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि मूल ऐन भनिएको) मा संशोधनः– (१) मूल ऐनको दफा ४ को उप-दफा (१) मा रहेको "रू. १,७००।– सत्रसय" भन्ने अंक र शब्दको सट्टा "रू. १,९५५।– एक हजार नौसय पचपन्न" भन्ने अंक र शब्द तथा "रू. १५००।– पन्ध्रसय" भन्ने अंक र शब्दको सट्टा "रू. १,७२५।– एक हजार सातसय पच्चीस" भन्ने अंक र शब्द राखिएको छ ।

[(२) मूल ऐनको दफा ४ पछि देहायबमोजिमको दफा ४ क. थपिएको छः–

४ क. सञ्चय कोषः– श्री ५ को सरकारले निर्वाचन आयुक्तको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टी रकममा शत प्रतिशत थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति– २०३०।१२।११।१

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०६